# माछापुच्छ्रे गाउँपालिकाद्वारा प्रकाशित
# ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७५

**१. परिचय**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सदभाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७५/ / को बैठकले पारित गरी यो कार्यविधि लागू गरेको छ ।

**२. परिचय-पत्र वितरणका आधारः**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्यः**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची ३ को ढाचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएकोछ :

क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक ।

ख) सत्तरी वर्ष उमेर पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

ग) असहाय ज्येष्ठ नागरिक ।

घ) अशक्त ज्येष्ठ नागरिक ।

ङ) एकल ज्येष्ठ नागरिक ।

**६. परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची-२ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले गाउँपालिकाभित्रका सम्बन्धीत वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन गाउँपालिका भित्रको सम्बन्धीत वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नुपर्नेछ ।

छ) यस पूर्व महिला तथा बालवालिका कार्यालयवाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधि बमोजिम भए गरेको हुनेछ ।

**९. विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि गाउँपालिकाले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) गाउँपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरी एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

जेष्ठ नागरिकले परिचय पत्र पाउनको लागि अनुसूची १ बनोजिमको ढाँचामां निवेदन दिनु पर्नेछ र परिचय पत्र अनुसूची २ बमोजिमको ढाँचामा वितरण गरिनेछ भने अनुसूची ३ बमोजिमको ढाँचामा कार्यालयमा जेष्ठ नागरिकहरुको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

**अनुसूची १**

मितिः .........................

श्री माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कास्की।

विषय : जेष्ठ नागरिक परिचय-पत्र पाँउ ।

उपयुक्त सम्बन्धमा प्रचलीत कानून बमोजिम म ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

निवेदक
नाम थरः.........
उमेर :...........
ठेगानाः.............

**अनुसूची २**
**ज्येष्ठ नागरिक परिचय -पत्र**

प.प.नं.......
नाम थर ...................................
ना.प्र.नं.
जिल्ला ...................... गा.प./न.पा. ........................
वडा नं........... टोल/गाऊ ................
उमेर ...........लिङ्ग ...............
उपलब्ध छुट तथा सुविधाहरु ..............................

पति/पत्नीको नाम .........................

हेरचाह केन्द्रमा बसेको भए सोको बिवरण ...................................

संरक्षको नाम, थर। सम्पर्क ठेगाना, मोवाइल नं.......................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नामः ............

सम्बन्धीत व्यक्तिको दस्तखत...........

परिचय पत्र जारी मिति...........

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालयको नाम :

## अनुसूची ३

## जेष्ठ नागरिक परिचय पत्र अभिलेख विवरण

| सि.न. | नाम ,थर | जन्म मिति | ठेगाना | बुवा/आमाको नाम थर | बाजेको नाम थर | पति/पत्निको नाम थर | संरक्षकको नाम थर | नागरिकता प्रमाणपत्र जारी मिति र जिल्ला | जेष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |